# जीवन विकास लघुवित्त वित्तीय संस्था लि.

# JEEVAN BIKAS LAGHUBITTA BITTIYA SANSTHA LTD.

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था)

Central Office: Katahari-2, Morang

## INTERIM FINANCIAL STATEMENTS

### Unaudited Condensed Statement of Financial Position ( As per NFRS) As on Quarter Ended 29 Poush 2080

| Particulars | This Quarter Ending | Immediate Previous Year Ending |
|---|---|---|
| | | Nrs. |
| **Assets** | | |
| Cash & Cash Equivalents | 900,277,880 | 957,931,502 |
| Statutory Balances and Due from Nepal Rastra Bank | 104,000,000 | 100,000,000 |
| Placement with Banks & Financial Institutions | 170,000,000 | 170,000,000 |
| Derivative Financial Institutions | - | - |
| Other Trading Assets | - | - |
| Loans and Advances to MFIs & Cooperatives | - | - |
| Loan & Advances to Customers | 24,536,130,952 | 22,801,112,330 |
| Investment Securities | - | - |
| Current Tax Assets | - | - |
| Investment Property | - | - |
| Property and Equipment | 250,567,696 | 246,284,323 |
| Goodwill and Intangible Assets | - | - |
| Deferred Tax Assets | 99,696,409 | 99,696,409 |
| Other Assets | 784,777,758 | 185,503,747 |
| **Total Assets** | **26,845,450,696** | **24,560,528,311** |
| **Liabilities** | | |
| Due to Bank and Financial Institutions | 10,590,356,829 | 8,852,585,512 |
| Due to Nepal Rastra Bank | - | - |
| Derivative Financial Instruments | - | - |
| Deposits from Customers | 10,042,143,907 | 10,031,794,039 |
| Borrowings | | |
| Current Tax Liabilities | 76,182,859 | 3,411,751 |
| Provisions | - | - |
| Deferred Tax Liabilities | - | - |
| Other Liabilities | 2,921,936,427 | 2,557,297,110 |
| Debt Securities Issued | - | - |
| Subordinated Liabilities | - | - |
| **Total Liabilities** | **23,630,620,023** | **21,445,088,412** |
| **Equity** | | |
| Share Capital | 1,347,518,900 | 1,182,034,200 |
| Share Premium | - | - |
| Retained Earnings | 631,160,277 | 682,964,560 |
| Reserves | 1,236,151,496 | 1,250,441,139 |
| **Total Equity** | **3,214,830,673** | **3,115,439,898** |
| **Total Liabilities and Equity** | **26,845,450,696** | **24,560,528,311** |

### Condensed Statement of Profit and Loss For the Quarter Ended of 29 Poush 2080

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | | | | NRs. |
| | This Quarter | Upto This Quarter | This Quarter | Upto This Quarter |
| Interest Income | 873,524,905 | 1,787,220,860 | 878,244,659 | 1,793,990,875 |
| Interest Expense | 517,064,146 | 1,046,745,186 | 490,013,984 | 999,480,156 |
| **Net Interest Income** | **356,460,759** | **740,475,673** | **388,230,674** | **794,510,719** |
| Fee and Commission Income | 25,270,313 | 67,024,220 | 63,947,718 | 149,324,202 |
| Fee and Commission Expense | - | - | - | - |
| **Net Fee and Commission Income** | **25,270,313** | **67,024,220** | **63,947,718** | **149,324,202** |
| **Net Interest, Fee and Commisson Income** | **381,731,072** | **807,499,894** | **452,178,392** | **943,834,921** |
| Net Trading Income | - | - | - | - |
| Other Operating Income | 84,859,838 | 196,041,763 | 35,455,815 | 70,074,422 |
| Total Operating Income | 466,590,910 | 1,003,541,657 | 487,634,207 | 1,013,909,343 |
| Impairment Charge/ (Reversal) for Loans and Other Losses | 176,589,047 | 277,937,666 | 101,022,300 | 159,352,465 |
| **Net Operating Income** | **290,001,863** | **725,603,990** | **386,611,907** | **854,556,878** |
| **Operating Expense** | **208,223,214** | **471,661,126** | **219,260,063** | **476,287,366** |
| Personnel Expenses | 148,595,125 | 346,439,836 | 158,263,171 | 354,503,718 |
| Other Operating Expenses | 55,859,049 | 116,166,899 | 56,667,074 | 113,519,372 |
| Depreciation & Amortisation | 3,769,039 | 9,054,391 | 4,329,817 | 8,264,276 |
| **Operating Profit** | **81,778,650** | **253,942,864** | **167,351,845** | **378,269,512** |
| Non Operating Income | - | - | - | - |
| Non Operating Expense | - | - | - | - |
| **Profit Before Income Tax** | **81,778,650** | **253,942,864** | **167,351,845** | **378,269,512** |
| Income Tax Expense | | | | |
| Current Tax | 24,533,595 | 76,182,859 | 50,205,553 | 113,480,854 |
| Deferred Tax | | | | |
| **Profit for the Period** | **57,245,055** | **177,760,005** | **117,146,291** | **264,788,658** |

### Condensed Statement of Comprehensive Income

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter | This Quarter | Upto This Quarter |
| Profit for the Period | 57,245,055 | 177,760,005 | 117,146,291 | 264,788,658 |
| Other Comprehensive Income | - | - | - | - |
| **Total Comprehensive Income** | **57,245,055** | **177,760,005** | **117,146,291** | **264,788,658** |
| Basic Earning per share | - | 13.19 | - | 25.60 |
| Annualized Basic Earing Per Share | - | 26.38 | - | 51.20 |
| Diluted Earning per share | - | 26.38 | - | 51.20 |

### Ratios as per NRB Directives

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter | This Quarter | Upto This Quarter |
| Capital Fund to RWA | | 10.99% | | 12.54% |
| Non-Performing Loan (NPL) to Total Loan | | 2.95% | | 2.83% |
| Total Loan Loss Provision to Total NPL | | 179.38% | | 116.15% |
| Cost of Funds | | 9.89% | | 10.22% |
| Credit to Deposit and Borrowing Ratio | | 124.02% | | 237.82% |
| Base Rate | | 14.25% | | 14.09% |
| Interest Rate Spread | | 3.98% | | 4.68% |

| Interest Rate | |
|---|---|
| **1. Deposit** | **7.5%-11.25%** |
| **2. Loan & Advance** | **14%-15%** |

### Details about the Distributable Profit for the Quarter

| Particulars | NPR |
|---|---|
| **Net Profit for the period end 2nd Quarter** | **177,760,005** |
| **1. Appropriations** | |
| **1.1 Profit required to be appropriated to:** | **39,107,201** |
| a. General Reserve | 35,552,001 |
| b. Capital Redemption Reserve | - |
| c. Foreign Exchange Fluctuation Fund | - |
| d. Corporate Social Responsibility | 1,777,600 |
| e. Employee Training Fund | - |
| f. Client Protection Fund | 1,777,600 |
| g. Other | - |
| **1.2 Profit required to be transferred to Regulatory Reserve:** | **16,261,889** |
| a. Transfer to Regulatory Reserve | 44,861,862 |
| b. Transfer from Regulatory Reserve | - |
| c. Restructure fund writeback | (28,599,973) |
| **Net Profit for the period end 2nd Quarter available for distribution** | **122,390,915** |
| Opening Retained Earning 1 Shrawan 2080 | 682,964,560 |
| **Distribution:** | **805,355,475** |
| Bonus Share Issued | (165,484,700) |
| Cash Dividend | (8,710,498) |
| **Total Distributable Profit or (loss) as on quarter end date** | **631,160,277** |
| **Annualised Distributable Profit/loss per Share** | **46.84** |

**Notes:**

1. The above Financial Statements have been prepared in accordance with Nepal Financial Reporting Standards (NFRS) and certain carve-outs issued by the Institute of Chartered Accountants of Nepal (ICAN).
2. Loans and Advances are presented net of impairment charges and includes staff loans.
3. Actuarial Valuation has not been done for Employee Benefits.
4. Personnel Expenses also include provision for staff bonus which has been calculated in line with the provision in Bonus Act.
5. Previous period figures are regrouped/ rearranged/restated wherever necessary for consistent presentation and comparison.
6. The interim financial report has been updated in the our website.

**नोटः सुपरिवेक्षण गर्ने निकाय तथा बाह्य लेखापरीक्षकले थप/घट गर्न निर्देशन दिएमा परिष्कृत वित्तीय विवरणमा फरक पर्न सक्नेछ ।**

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ अनुसूची १४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)**

## आ.व. २०८०/०८१ को दोश्रो त्रैमासिक प्रतिवेदन

**१. वित्तीय विवरण** :

(क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ ।

(ख) प्रमुख वित्तीय अनुपातहरू

| प्रति शेयर आम्दानी | मुल्य आम्दानी अनुपात | प्रति शेयर नेटवर्थ | प्रति शेयर कुल सम्पतिको मुल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| २६.३८ | ५१.१७ | २३९.२२ | १९९२.२१ | ९.०५ |

**२. व्यवस्थापकीय विश्लेषण** :

**(क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण:**
आर्थिक वर्ष २०८०/०८१ को दोश्रो त्रैमासिक अवधिमा वित्तीय संस्थाको मौज्दात, तरलता र आम्दानी गत त्रैमासिक भन्दा वृद्धि भएको छ । तर यस अवधिमा बाह्य कारणले गर्दा वित्तीय कारोवारमा असर पर्न गई व्यवस्थापकीय योजना अनुरूप नतिजा प्राप्त गर्न सकेको छैन । लघुवित्त क्षेत्रमा देखिएका समस्याहरू हालसम्म पनि समाधान नभएकोले चालु आ.व. २०८०/०८१ को दोश्रो त्रैमासिक अवधिसम्ममा संस्थाको आम्दानीमा योजना अनुसारको सुधार भएको छैन भने संस्थाको मौज्दात र तरलतामा सुधार देखिएको छ ।

**(ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण** :
राष्ट्रियस्तरको यस लघुवित्त वित्तीय संस्थाले स्थापनाको शुरूदेखि नै वित्तीय पहुँच अभिबृद्धि गराई गरिवी घटाउने, वित्तीय समावेशीकरण बढाउने, लघुवित्त कार्यक्रमको पहुँच नपुगेका ग्रामीण क्षेत्रमा लघुवित्त सेवा विस्तार गर्ने उद्देश्य अनुरूप देशका २४ जिल्लामा १६० वटा शाखा कार्यालयहरू मार्फत ३,४४,७४९ विपन्न परिवारमा लघुवित्त सेवा पुऱ्याउन सफल भएको छ ।
यस वित्तीय संस्थामा आवद्ध परिवारको दिगो विकास एवं सुनिश्चित भविष्यका लागि संस्थाले छरिएर रहेको बचत संकलनमा जोड दिदै आईरहेको छ । सदस्यहरूको दिगोपनालाई ध्यानमा राखि उनीहरूमा स्वरोजगार सिर्जना गर्दै लघुउद्यम तथा उत्पादनशील क्षेत्रमा कर्जा प्रवाह गरी दिगो व्यवसायिक सफलता हासिल गर्ने तर्फ वित्तीय संस्था अग्रसर रहेको छ । चालु आर्थिक वर्ष २०८०/०८१ मा प्रभावकारी वित्तीय सेवा प्रदान गर्नका लागि प्रविधिको उच्चतम प्रयोगमा सदस्य तथा कर्मचारीको दक्षता एवं कार्यकुशलतामा अभिबृद्धि गर्न, कर्मचारीको उत्पादकत्व बढाउन एवं आन्तरिक नियन्त्रण प्रणालीलाई अझ प्रभावकारी बनाउन प्रयाप्त मात्रामा तालिम तथा गोष्ठि कार्यक्रमहरू संचालन भईरहेका छन् ।
वित्तीय संस्थाले प्रदान गर्ने सेवा तथा सुविधाहरूलाई सदस्यको आवश्यकता अनुरूप समय सापेक्ष परिष्कृत गर्दै सदस्यहरूमा उद्यमशीलता तथा व्यवसायिक सिप विकासका साथै डिजिटल वित्तीय साक्षरताको अभियानलाई ब्यापक रूपमा विस्तार गर्दै लैजान व्यवस्थापन प्रतिबद्ध रहेको छ ।

**(ग) विगतको अनुभवबाट, संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण** :
हालको परिस्थितिमा बैंक तथा वित्तीय संस्थाहरू विरूद्ध भईरहेको विभिन्न नकारात्मक टिका टिप्पणीले वित्तीय संस्थाहरूको कर्जा असुलीमा समस्या भएको छ जसको कारणले तरलता अभावको अवस्था आउन सक्ने देखिन्छ । यस असहज परिस्थितीमा पनि ग्राहक सदस्यहरूले वित्तीय संस्था प्रति देखाएको विश्वास र संयमताले वित्तीय संस्था अझ जिम्मेवार भई कार्य गर्नु पर्ने दायित्व बढेको छ । लघुवित्त संस्थाहरूमा देखिएको अस्वस्थ प्रतिस्पर्धा तथा सदस्यहरूमा कर्जाको अधिक भार बढ्नाले वित्तीय संस्थाले लगानी गरेको ऋणको गुणस्तरमा असर पर्न सक्ने भए तापनि कर्जा सुचना केन्द्रको प्रभावकारीता बृद्धि हुदै जाँदा जोखिमहरू क्रमशः न्युन हुदै जाने देखिन्छन् ।

**३. कानुनी कारवाही सम्बन्धी विवरण** :

(क) यस अवधिमा यस वित्तीय संस्थाले कसैका उपर मुद्दा दायर नगरेको साथै वित्तीय संस्था विरूद्ध मुद्दा दायर भएको कुनै सुचना प्राप्त नभएको ।

(ख) संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरूद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी सम्बन्धी मुद्दा दायर भएको कुनै सुचना प्राप्त नभएको ।

(ग) कुनै संस्थापक वा सञ्चालक विरूद्ध आर्थिक अपराध गरेको सम्बन्धमा मुद्दा दायर भएको कुनै सुचना प्राप्त नभएको ।

**४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण**:

(क) वित्तीय संस्थाको शेयरको कारोवार नेपाल स्टक एक्सचेन्ज मार्फत भईरहेको छ । वित्तीय संस्थाले शेयर मूल्यमा प्रभाव पार्न सक्ने कुनै पनि आधारभूत सूचना प्रचलित ऐन तथा नियमको परिधि भित्र रही प्रवाहित गरिने छ । लगानीकर्ताहरूको यस संस्थाप्रतिको विश्वास उच्च रहेको हुँदा भविष्यमा कारोवार मुल्य सकारात्मकता तर्फ उन्मुख हुने आंकलन गर्न सकिन्छ ।

(ख) नेपाल स्टक एक्सचेन्जको वेभ साइट अनुसार गत त्रैमासिक अवधिमा शेयरको कारोवार निम्नानुसार भएको देखिन्छ ।

| अधिकतम मुल्य (रु.) | न्यूनतम मुल्य (रु.) | अन्तिम मुल्य (रु.) | कारोवार भएको कूल दिन | कारोवार संख्या |
|---|---|---|---|---|
| १५६०.०० | १२२३.०० | १३५०.०० | ४९ | ६४६१ |

**५. समस्या तथा चुनौती**:
आर्थिक संकटबाट सिर्जित समस्याका कारण समुदायमा आर्थिक क्रियाक्लापमा कमी आएको, सदस्यहरूको ब्यवसाय तथा आय आर्जन प्रभावित भई लघुवित्त क्षेत्रमा दिर्घकाल सम्म गहिरो प्रभाव पर्न सक्ने देखिएको छ । लघुवित्त संस्था विरूद्धको अप्राकृतिक अभियान, दोहोरोपनाका कारणले सदस्यहरूलाई ऋणको अधिकभारबाट उत्पन्न हुन सक्ने जोखिम, वित्तीय श्रोतको अनिश्चितता र कर्मचारीहरूको दक्षता अभिबृद्धिमा कमी भई उत्पन्न हुन सक्ने जोखिम एवं नियमनकारी निकायबाट अप्रत्याशित रूपमा हुने नीति तथा निर्देशनमा परिवर्तनका कारणले थप चुनौतीहरूको सामना गर्नुपर्ने अवस्था आउन सक्नेछन् ।

**६. संस्थागत सुशासन** :
नियमनकारी निकायसँग सम्बन्धित ऐन, कानुन तथा नीति नियम एवं निर्देशन अनुरूप संस्थागत सुशासन कायम राख्न वित्तीय संस्था कटिवद्ध र प्रतिवद्ध रहदै आएको छ । नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरू पालना गर्नुको साथै प्रचलित ऐनहरू तथा कानुनहरूको परिपालनामा विषेश ध्यान दिदैं आफ्ना शेयरधनी, सर्वसाधारण सदस्यहरू लगायत सम्पुर्ण सरोकारवालाहरूको हितको संरक्षण तथा सम्बर्द्धन गर्न वित्तीय संस्था सदैव प्रतिबद्ध रहेको छ । वित्तीय संस्थाको प्रवन्धपत्र नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनियमावली, संस्थागत सामाजिक उत्तर दायित्व कोष संचालन कार्यविधि,कर्जा अपलेखन विनियमावली, कर्जा नीति तथा बचत परिचालन निर्देशिका, ग्राहक संरक्षण कोष संचालन कार्यविधि, आन्तरिक लेखा परीक्षण कार्यविधि एवं अन्य आवश्यक नीति नियम तथा निर्देशिकाहरू बनाई त्यसको पालना गरिएको छ । वित्तीय संस्थाको कारोवारलाई व्यवस्थित गरी चुस्त, दुरूस्त बनाउन एवं आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन सञ्चालक समितिका साथै लेखा परीक्षण समिति, जोखिम ब्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति, सम्पति शुद्धीकरण अनुगमन समिति लगायत विभिन्न समिति तथा उपसमितिहरू गठन गर्नुका साथै नेपाल राष्ट्र बैंकको निर्देशनहरूको पालना गर्न व्यवस्थापन तथा सञ्चालक समिति क्रियाशील रहेको छ ।

**७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण** :
आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा, म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु । साथै, म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् । लगानीकर्ताहरूलाई सु-सूचित निर्णय लिन आवश्यक कुनै विवरण, सुचना तथा जानकारीहरू लुकाइएको छैन ।

**८. नियम २६ को उपनियम (५) सँग सम्बन्धित विशेष घटना वा परिस्थिती सम्बन्धी विवरण** : छैन ।